# परेवा

-आकाश

उ  उसको गुंड बाट
निस्किएको समय
निकै बिति सकेको छ
उसको प्रत्येक जीवन संघर्ष नै
अभाब सित गांसिएको छ

उ दिन रात महिना
र बर्षको लागि
कहिले छोटो
त कहिले लामो
बेग मार्छ
हो उहि शांति को प्रतिक परेवा !
उ परेदिसिंछ
उस्को जन्म भूमिफर्कंछ
परदेशको कथा त
उसभित्र छ्दैंछ

उ केहि राहत ल्याएर आउंछ
औं पुन आउंछ अनि जांछ
जबा उ आउंछ
उसको गुंड मा
उज्यालो बिहानि छाउंछ
केहि क्षण उमंग मा
कोल्टो फेर्छ
त्यस रात गुंड्का
सबैमा शांतिको आशा जाग्छ !

यो छेका
उसको क्रमिक यात्रामा
ठेस लागेछ क्यारे
हिंउद बित्यो
बर्षा बित्यो
पुन हिउद र बर्षा हरु
आय अनि गय
अझ उ फर्केन

उसकि परेबि र बचेरा हरु
बिल्लौना मा परेका छन
संझहरु धेरै बिते
आज भन्यो ,भोलि भन्यो
उ फर्केन
उ उड्ने हिंड्ने
अकश जमिन जततते
पासो र धरापहरू थापियका छन

उसले बथान सार्यो
गुंड छाड्यो, फर्क्यो
आफू अटाउने ठांउ पाएन
बगाउन सम्मा पसिना बगायो
सास अल्जाउने सम्म माखो मारेन
गर्न सम्म गर्यो
गर्न खोजि नै रह्यो
सुकर्म हरू
जस कहिल्यै पायन

उसले अजकाल
बाज अनि शिकारी हरु देखि बच्नु परेको छ
रगतले मातेका मांछेहरु देख्नु परेको छ
रगत कै आहलमा ढलेका मांछेहरु देख्नु परेको छ

तैपनि उ आत्तिएको छैन
अफूमा शांतिको आशहरु पालेर

उ शांति खोजिको मार्ग मा थाकेको छैन
उ उसका पथहरु पछाडिइ फर्काउन चाहन्दैन
उ अमानब हरुको युद्व हेर्दै गैरहेछ
उ मनबको अहंकर  र अहंता लाइ
शांतिको शत्रु ठान्दछ

शांतिको प्रतिक परेवा
शांतिको खोजि मा
कन्हा छ
सबैतिर खैलबैला ब्याप्त छ

उ एकांत प्रिय र त्यागि भई
सारा संसार बाट मोक्ष प्राप्ति को बाटो मा छ
उसलाइ रगत मा रमाउने
र जीवन मुल्य नै
बलिदान हो भन्नेहरुले
चिंतन , मनन गर्न बाध्य बनएको छ

तापनि
उ आफ्नी
परेबि र बचेराहरुको
यादमा…
प्रत्येक प्रहर मर्माहत हुंछ

उ नास्तिक भई
बांच्न सक्ने छैन
उ उस्को गुंड
छिटै फिर्न चाहंछ
उसको आशा नै यहि छ

उसको शांतिको सदिच्छा
अब चांडै पुरा हुने छ
उ पुन नयां उज्यालो बिहान लिइ
एक दिन गुंडमा फिर्ने छ

डेनवर ,कोलोराडो ,अमेरिका
April 26,2004